आज मिति २०८२ साल साउन ३० गते शुक्रबारका दिन बिहान ८:०० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहाय अनुसारको प्रशताव उपर निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधब प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क | कार्यापालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

निर्णय नं. १,

पञ्चकन्या गाउँपालिका अन्तर्गत सबै स्वीकृत दरबन्दीहरु स्थायी कर्मचारीहरुमार्फत पूर्ति हुन नसकेको कारण पालिकाको कार्यसञ्चालनमा बाधा व्यवधान आउन नदिन आवश्यक योग्यता भएका कर्मचारीहरुलाई विगतदेखि नै करारमा नियूक्ति गरी कामकाज गराईरहेको अवस्था रहेको थियो । यस चालु आ.व. ०८२/८३ मा पनि तत्काल स्थायी नियुक्ति हुन नसक्ने र करारका कर्मचारीहरुलाई निरन्तरता दिन नसकेमा पालिकाको कार्यसम्पादनमा प्रतिकूल प्रभाव पर्ने देखिएकोले गाउँपालिका, वडाहरुमा कार्यरत विभिन्न प्राविधिक र अप्राविधिक कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु र शिक्षा अन्तर्गत बालविकास सहजकर्ता, स्वयंसेवक शिक्षक, विद्यालय कर्मचारीहरु जो पहिले देखि नै करारमा काम गरिरहनु भएको छ, उनीहरुलाई अर्को व्यवस्था नभएसम्म करारनामा नवीकरण गरी निरन्तरता दिने । रोजगार सहायकको रुपमा कार्यरत सुरेन्द्र तामाङ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत करार नियुक्ति पाई कामकाज गरिरहेको भएपनि गत आ.व. ०८१/८२ को अन्तमा करार म्याद सकिई नथप्ने व्यहोरा सम्बन्धित मन्त्रालयबाट जानकारी प्राप्त भएको तर प्रधानमन्त्री रोजगार कार्यक्रमको नाम परिवर्तन भई राष्ट्रिय रोजगार कार्यक्रमको नामबाट कार्यक्रम निरन्तर रहेकोले उक्त कार्यहरु सम्पादन गर्न कर्मचारीको अभाव हुने देखिएकोले निजलाई पालिकाको स्रोतबाट व्यहोर्ने गरी सोही पदमा निरन्तरता दिई कामकाज गराउँने निर्णय गरियो ।

निर्णय नं. २,

पञ्चकन्या गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षकको अभाव रहेको कारण स्वयंसेवक शिक्षक पालिकाबाट नियुक्त गरी पठनपाठन गराईरहेको, विद्यालय प्रशासन सञ्चालनमा सहजता ल्याउन विद्यालय कर्मचारीको व्यवस्था गरिएको साथै बालविकास सहजकर्ताहरुलाई नेपाल सरकारको तोकिएको अनुदान थोरै भई जीवन धान्न समस्या भएकोले उनीहरुको जीवन गुजारामा सहजता ल्याउन विगत झै यस चालु आ.व. ०८२/८३ मा आवश्यक वजेटको व्यवस्था रहेको र सो को खर्च व्यवस्थापनलाई विधि सम्मत बनाउन मापदण्ड बनाउन आवश्यक भएकोले स्वयंसेवक शिक्षक/बालविकास सहजकर्ता/विद्यालय कर्मचारी व्यवस्थापन मापदण्ड, २०८२ तर्जुमा भएकोले सो लाई स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं ३,

यस गाउँपालिका अन्तर्गत रहेको झोलुङ्गे पुल हेरालु विगत देखि जिल्ला विकास समितिबाट व्यवस्था भईरहेको तर रुपान्तरित शासन व्यवस्था अनुसार निजहरुलाई पालिकामा समायोजन गरी आवश्यक व्यवस्था भईरहेकोले निजहरुलाई निरन्तरता दिई प्रति महिना प्रतिव्यक्ति रु. ५००/- का दरले भुक्तानी हुने गरी आवश्यक कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ४,

गाउँकार्यापालिका र अन्तर्गतका कार्यालयहरुमा दैनिक सेवा प्रवाह सञ्चालनमा कार्यालय सहयोगीहरुको महत्वपूर्ण भूमिका हुने र सो पदको स्थायी पदपूर्ति नहुने भएकोले गाउँपालिकाको कार्यालय तथा अन्तर्गतहरुमा आवश्यक संख्यामा करारमा कार्यालय सहयोगी साथै स्वास्थ्य शाखा अन्तर्गत सञ्चालन हुने म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि एक जना जनस्वास्थ्य अधिकृत (सातौं तह) र लघु उद्यम विकास शाखा अन्तर्गत १ जना उद्यम विकास सहजकर्ता (चौथो तह) का लागि चालु आ.व. ०८२/८३ को बाँकी अवधिको लागि आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई नियमानुसार करारमा नियुक्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउँन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५,

गाउँपालिकाभित्र विभिन्न खानीजन्य पदार्थहरु रहेको र सो को व्यवस्थापन गर्नु गाउँपालिकाको जिम्मेवारी भएकोले आफ्नो अधिकार क्षेत्रभित्रका खानीहरुको दर्ता, सञ्चालन, उत्पादन, निकासी जस्ता कार्यहरुलाई व्यवस्थित गर्न आवश्यक देखिएकोले गाउँपालिकाले तर्जुमा गरेको खानीजन्य पदार्थको निकासी तथा विक्री सम्बन्धी कार्यविधि, २०८२ आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६,

वडा नं. १ र ५ वडा कार्यालयको भवनहरु निर्माणाधीन अवस्थामा रहेको र यस आ.व. ०८२/८३ मा पनि एकमुष्ट रु. ७० लाख विनियोजन भएको हुँदा दुवै वडामा बरावर हुने गरी रु. ३५/३५ लाख बाँडफाँड गरी आगामी हिउँदे सभाबाट अनुमोदन हुने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७,

हिन्दु धर्मावलम्वीहरुको चाड श्रीपञ्चमीको अवसरमा यस पञ्चकन्या गाउँपालिका अन्तर्गत गाउँपालिकाको कार्यालय, वडा कार्यालय, शिक्षण संस्था, स्वास्थ्य संस्था लगायत सार्वजनिक निकायमा कार्यारत महिला कर्मचारीहरुलाई मिति २०८२/०५/१२ का दिन सार्वजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं. ८,

मिति २०८२/०१/२६ का दिन यस पञ्चकन्या गाउँपालिकाको स्थानीय निर्देशक समितिको बैठक बसी राष्ट्रिय रोजगार कार्यक्रम रोजगार आयोजना सञ्चालनका लागि ज्याला रकम शिर्षकमा पास

Scanned with CamScanner

रकमलाई नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आन्तरिक रोजगार व्यवस्थापन महाशाखाको मिति २०८२।०४।१८ को च.नं. ५ को पत्रानुसार बुदा नं. ३ लाई आधार मानि तपशिलको आयोजना सञ्चालन गरि कार्यन्वयन गर्ने निर्णयलाई अनुमोदन गरी आगामी गाउँसभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क.सं | शिर्षक | रकम | अक्षरमा | ठेगाना |
|---|---|---|---|---|
| १ | वडा नं १ को सम्पुर्ण सडक नाली सरसफाई | १,००,००० | रु.एक लाख | पञ्चकन्या १ |
| २ | वनदेवी कालीवनमा प्लास्टिक पोखरी निर्माण | ५०,००० | रु.पचास हजार | पञ्चकन्या १ |
| ३ | बाँनियाटार समुदायिक चक्ला पार्क स्तरउन्नती | १,००,००० | रु.एक लाख | पञ्चकन्या १ |
| ४ | विपि स्मृती पार्क तथा खेलमैदान | २,००,००० | रु.दुई लाख | पञ्चकन्या २ |
| ५ | छेउ घर कालिकास्थान सिंढी निर्माण | ७५,००० | रु.पचहत्तर हजार | पञ्चकन्या २ |
| ६ | खे बहादुर रैकर पदमार्ग निर्माण | ७५,००० | रु.पचहत्तर हजार | पञ्चकन्या २ |
| ८ | सप्तकन्या आवि घलेभन्ज्याङ पदमार्ग निर्माण | १,००,००० | रु.एक लाख | पञ्चकन्या ३ |
| ९ | दरमालेबाट डाँडाघर टोल पदमार्ग निर्माण | ५०,००० | रु.पचास हजार | पञ्चकन्या ३ |
| १० | मुहाने चौताराबाट देउराली सम्म पदमार्ग निर्माण | १,००,००० | रु.एक लाख | पञ्चकन्या ३ |
| ११ | कुलकुले बाट वडा कार्यालय जाने बाटो सोलिङ कार्य | १,००,००० | रु.एक लाख | पञ्चकन्या ४ |
| १२ | सुन्दरादेवी मन्दिर स्तरउन्नती | ५०,००० | रु.पचास हजार | पञ्चकन्या ४ |
| १३ | डि खोला मरणपाटी पदमार्ग संरक्षण तथा निर्माण | २,५०,००० | रु.दुई लाख पचास हजार | पञ्चकन्या ५ |
| १४ | घ्याङस्वारा चिया नर्सरी | १५०,००० | रु.एकलाख पचास हजार | पञ्चकन्या ४ |
| १५ | चिया काटछाँट तथा व्यवस्थापन | १००,००० | रु.एक लाख | पञ्चकन्या ४ |
| १६ | घ्याङस्वारा सौन्दर्य तथा सरसफाई | ३००,००० | रु.तिन लाख | पञ्चकन्या ४ |
| १७ | घ्याङस्वारा पर्यटकीय पार्क स्तरउन्नती | ६,७२,००० | रु छ लाख बहत्तर हजार | पञ्चकन्या ४ |
| जम्मा | | २३,७२,००० | तेईस लाख बहत्तर हजार | |

Scanned with CamScanner

साथै, पञ्चकन्या गाउँपालिकाबाट रोजगार सेवा केन्द्रको लागि बिनियोजित रकमबाट आ.व. ०८२/८३ को लागि रोजगार सेवा केन्द्रको लागि बिनियोजित बजेट रु २३,७२,०००/- बाट तपशिलको आयोजना तथा कार्यक्रम छनोट गरि कार्यन्वयन गर्ने गरी भएको निर्णयलाई समेत अनुमोदन गरि आगामी पञ्चकन्या गाउँपालिकाको गाउँसभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं | शिर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | कोहि छैन कम पालिकालाई एक दिन श्रम कार्यक्रम | १००,००० | रु.एक लाख |
| २ | रोजगार सेवा केन्द्रबाट आयोजना संचालन अनुगमन खर्च,भ्रमण खर्च | २,५०,००० | रु.दुई लाख पचास हजार |
| ३ | रोजगार सेवा केन्द्रबाट संचालित आयोजना कार्यक्रमको लागि आवश्यक खाना, खाजा, अतिथि सत्कार लगायत अन्य विविध | २,००,००० | रु.दुई लाख |
| ४ | घ्याङस्वारा चिया नर्सरी (राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी) | ५५,००० | रु. पचपन्न हजार |
| ५ | चिया काटछाँट तथा व्यवस्थापन (राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी | १००,००० | रु.एक लाख |
| ६ | वित्तिय साक्षरता सम्वन्धी वडा स्तरिय अभिमुखीकरण कार्यक्रम | १,५०,००० | रु.एक लाख |
| ७ | घ्याङस्वारा पर्यटकीय पार्क स्तरउन्नती (राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी) | ७,६७००० | रु. सात लाख सडसठी हजार |
| ८ | घ्याङस्वारा सौन्दर्य तथा सरसफाई (राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी) | १,५०,००० | रु. एक लाख पचास हजार |
| ९ | विपि पार्कमा रहेको पिकनिक सेट मर्मत | १,००,००० | रु.एक लाख |
| १० | स्थानीय निर्देशक समिति बैठक भत्ता | १,५०,००० | रु.एक लाख पचास हजार |
| ११ | आन्तरिक रोजगार प्रवर्द्धन सम्वन्धी कार्यक्रम | १,५०,००० | रु.एक लाख पचास हजार |
| १२ | घ्याङस्वारा भैसीगोठ व्यस्थापन खर्च | २००,००० | रु.दुई लाख |
| | **जम्मा** | **२३,७२,०००** | **तेईस लाख बहत्तर हजार** |

निर्णय नं. ९,

गत आर्थिक वर्षमा दहत्तर बहत्तरको संकलित रकमबाट प्रदेश सरकारलाई बाँडफाँड वापतको रकम रु २,०७,९९६.३३ प्रदेशमा पठाउनु पर्नेमा प्राविधिक समस्याको कारण पठाउन नसकि सो रकम विविध खर्च खातामा ट्रान्सफर गरीएको अनुमोदन गर्दै सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. १०,

गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष अन्तरगत आर्थिक वर्ष २०८१/८२ मा एम्बुलेन्स संचालन तथा व्यवस्थापनमा रु.८,१७,१२०/- र प्रकोप व्यवस्थापन कोषमा रु.५,१८,१८४.५५ मौज्दात रकम रहेकोले सो रकम यस आ.व.मा समेत तत्त शिर्षकमा कार्यविधि अनुसार खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ११,

गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता नविकरण गर्नका लागि ल्यापटप र वायोम्याट्रिक डिभाईसको माग भएकोले आकस्मिक तथा भौपरी आउने आर्थिक सामाजिक पूर्वाधार वातावरण तथा विविध व्यवस्थापन वैकल्पिक उर्जा संस्थागत विकास सेवा प्रवाह सुशासन सम्बन्धि योजना तथा कार्यक्रमको अन्य संघ संस्था सँग गरिने म्याचिङ फण्ड- पूँजीगत बाट रु. ७,५०,०००/- मेशिनरी तथा औजार शिर्षकमा र विभिन्न शिविर सञ्चालनको लागि आकस्मिक तथा भैपरी आउने आर्थिक सामाजिक पूर्वाधार वातावरण तथा विविध व्यवस्थापन वैकल्पिक उर्जा संस्थागत विकास सेवा प्रवाह सुशासन सम्बन्धि योजना तथा कार्यक्रमको अन्य संघ संस्थासँग गरिने म्याचिङ फण्ड चालु बाट शिविर सञ्चालन शिर्षकमा रु. ८०,०००/- रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. १२,

गत आर्थिक वर्षको वैंक मौज्दात रकमबाट "पालिका स्तरीय १० शैया अस्पतालको अपुग रकम" शिर्षकमा रु. ४८,८५,०००/- र "डि.पि.आर." शिर्षकमा रु.१०,००,०००/- रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १३,

यस अर्थिक वर्षको तिज कार्यक्रमको लागि महिला सशक्तिकरण र सिप विकास शिर्षकबाट तिज कार्यक्रममा रु. २५०००/- रकमान्तर गरी थप गर्ने निर्णय गरियो।

निर्णय नं. १४,

मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्चबाट देहायका शिर्षकमा रकम बाँडफाँड गर्ने निर्णय गरियो।

१. सञ्चार खर्च — प्रतिमहिना रु. ५००/-

Scanned with CamScanner

२. यातायात खर्च — प्रतिवडा प्रतिदिन रु. ३००/-

३. दैनिक भ्रमण भत्ता — नियमानुसार

**निर्णय नं. १५,**

पालिकाको गाउँसभा र कार्यपालिकाबाट स्वीकृत तथा पारित भएका कानूनहरुको राजपत्रमा प्रकाशन गर्ने प्रयोजनार्थ तपसिलको कार्यटोली गठन गरी कानून निर्माण र राजपत्र प्रकाशन गर्ने कार्यलाई चुस्त र व्यवस्थित बनाउने सर्वसम्मतले निर्णय गरियो।

<u>तपसिल</u>

संयोजक - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - प्रशासन शाखा कर्मचारी १ जना

सदस्य - कार्यालय प्रमुखले तोकेको कर्मचारी १ जना

कार्यटोलीले कार्यालय समय बाहेक कार्य गरेको खर्च नियमानुसार उपलब्ध गराउँन सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं. १६,**

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को व्यवस्थानुसार एम्बुलेन्स चालकको तलब भत्तामा हुने खर्च पनि सोही कोषबाट हुनु पर्ने व्यवस्था भएपनि सो कोषमा तलब भत्तामा खर्च गर्ने पर्याप्त रकम नभएकोले चालकको तलब भत्ता करार सेवा शुल्कबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७,**

पञ्चकन्या गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८२।०४।०५ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८,**

आ.व. ०८२/८३ मा प्रत्येक वडाहरुलाई कार्यालय सञ्चालन खर्च बापत एकमुष्ट रु. ५,००,०००/- विनियोजन गरिएकोमा वडाबाट उक्त रकम बाँडफाँड गरी देहायनुसार पठाएकोले सो लाई स्वीकृत गरी आगामी गाउँसभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

- वडा नं १ को "वडाको प्रशासनीक खर्च" शिर्षकमा विनियोजित रकम रु ५०००००/- बाट तपशिलको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

Scanned with CamScanner

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय स्टेसनरी | ७००००/- |
| २ | ईन्धन | १०००००/- |
| ३ | भ्रमण खर्च | २०००००/- |
| ४ | सवारी साधन मर्मत | ३५०००/- |
| ५ | विविध खर्च | ९५०००/- |
| | जम्मा | ५०००००/- |

- वडा नं २ को "वडाको विविध" शिर्षकमा रहेको रु ६०००००/- मध्ये तपशिलको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय स्टेसनरी | १५००००/- |
| २ | ईन्धन | ९००००/- |
| ३ | भ्रमण खर्च | २०००००/- |
| ४ | सवारी साधन मर्मत | ५००००/- |
| ५ | विविध खर्च | १०४०००/- |
| ६ | संचार | ६०००/- |
| | जम्मा | ६०००००/- |

- वडा नं ३ को "कार्यालय सञ्चालन खर्च" शिर्षकमा रहेको रु ५०००००/- मध्ये तपशिलको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय स्टेसनरी | ६३००० |
| २ | ईन्धन | १००००० |
| ३ | भ्रमण खर्च | २००००० |
| ४ | सवारी साधन मर्मत | ३५००० |
| ५ | विविध खर्च | ९६००० |
| ६ | संचार | ६००० |
| | जम्मा | ५००००० |

Scanned with CamScanner

- वडा नं ४ को "कार्यालय सञ्चालन खर्च" शिर्षकमा रहेको रु ५०००००/- मध्ये तपशिलको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय स्टेसनरी | ६५००० |
| २ | ईन्धन | ९५००० |
| ३ | भ्रमण खर्च | १८०००० |
| ४ | सवारी साधन मर्मत | ३५००० |
| ५ | विविध खर्च | ११९००० |
| ६ | संचार | ६००० |
| | जम्मा | ५००००० |

- वडा नं ५ को "वडा कार्यालय प्रशासनीक कार्य संचालन खर्च" शिर्षकमा रहेको रु ५०००००/- मध्ये तपशिलको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय स्टेसनरी | ७०००० |
| २ | ईन्धन | ११०००० |
| ३ | भ्रमण खर्च | १७५००० |
| ४ | सवारी साधन मर्मत | ४५००० |
| ५ | विविध खर्च | ८८००० |
| ६ | संचार | १२००० |
| | जम्मा | ५००००० |

निर्णय नं. १९,

विभिन्न कारणले गत आ.व.मा खर्च हुन बाँकी रहेको तपशिल बमोजिमको योजना तथा कार्यक्रमको मलेप फाराम २२१ लाई अपनत्व लिने निर्णय गरियो।

Scanned with CamScanner